**टिप्पणी तथा सुझाव**

जेठ, २०७६




# नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि टिप्पणी र सुझाव

## पृष्ठभूमि

नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक नेपाल सरकारले २०७६ वैशाख २६ गते सङ्घीय संसद्मा दर्ता गरेको छ । मिडियालाई नियन्त्रण गर्न ल्याएको भन्दै सो विधेयकको विपक्षमा नेपाली मिडिया र सरोकारवाला पक्षले विरोध जनाएका छन् । विशेषगरी काउन्सिलको स्वायत्तता तथा गठन प्रक्रियामा हुने नियुक्ति प्रक्रिया र जरिवाना तथा क्षतिपूर्ति गर्ने अधिकारको विषयमा विरोध भएको हो । तर सरकारले भने मिडियालाई नियमन तथा व्यवस्थित गर्न नयाँ विधेयक ल्याएको तर्क गर्दै आएको छ ।

नेपाल पत्रकार महासङ्घले वैशाख २७ र जेठ ५ गते अलग अलग विज्ञप्ति जारी गर्दै विरोध जनाएको छ । महासङ्घले सरोकारवाला निकायको सल्लाहबेगर विधेयक आएको हुनाले फिर्ता गर्नुपर्ने बताएको छ । महासङ्घ, प्रेस काउन्सिलसहित सरोकारवाला पक्षसँगको छलफल र सहमतिबिना संसद्मा दर्ता गरिएको उक्त विधेयकका प्रावधानले मिडिया काउन्सिललाई सरकार नियन्त्रित अङ्गका रूपमा स्थापित गर्नुका साथै स्वतन्त्र पत्रकारितामाथि अङ्कुश लगाउने ठहर गर्दै पत्रकार महासङ्घले भनेको छ- उक्त विधेयक तत्काल फिर्ता लिई सरोकारवाला पक्षसमेतको छलफल र सहमतिमा नेपालको संविधानको मूल भावना, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मूल्य/मान्यताका आधारमा पुनः विधेयक मस्यौदा गर्न सरकारसँग जोडदार माग गर्दछौँ ।

नेपालबाट प्रकाशित विभिन्न राष्ट्रिय दैनिकमा विधेयकका विपक्षमा वैशाख २९ गते एकै दिन सम्पादकीय प्रकाशित भएका छन् । कान्तिपुर दैनिकले संविधानको प्रस्तावनामै प्रहार भन्दै लेखेको छ- सरकारले सञ्चार माध्यमहरूलाई करको दायरामा राख्न पाउँछ, प्रचलित कानुनहरू लागु गराउन पाउँछ । तर के प्रकाशन/प्रसारण गर्न हुन्छ र के हुँदैन भनेर तोक्न पाउँदैन । उसले पत्रकारिता के हो, के होइन भनेर आदेश दिन सक्दैन । तर अहिलेको सरकारले प्रस्तावित मिडिया काउन्सिलमार्फत गर्न खोजेको त्यही हो । सरकारले काउन्सिल गठन गर्ने, काउन्सिलले पत्रकारलाई पुरस्कार र दण्ड दिने परिकल्पना प्रेसलाई कज्याउने सोचबाहेक अरू केही हुनै सक्दैन । संसद्ले यत्ति बुझिदिए विधेयक सुरूमै त्याज्य हुन्छ, हुनैपर्छ ।[१]

यस्तै नागरिक दैनिकले मिडियामा अङ्कुश भन्दै लेखेको छ- मिडिया काउन्सिलजस्तो संस्थालाई जरिवाना तोक्ने र क्षतिपूर्ति भराउने जे-जस्तो अधिकार दिइएको छ, त्यो आफैँमा गलत छ । त्यसो त आचारसंहिता आफैँ निर्माण गर्ने अनि त्यसको व्याख्या गर्नेमात्र होइन,

---

[१] कान्तिपुर दैनिक, २०७६ । संविधानको प्रस्तावनामा प्रहार । Retrived May 15, 2019, from https://www.kantipurdaily.com/opinion/2019/05/12/155762804094661037.html

त्यसअन्तर्गत छानबिन गरी कारबाही गर्ने अधिकार जसरी एउटै निकायलाई दिएर केन्द्रीकृत गरिएको छ, त्यो प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ ।[२]

अन्नपूर्ण पोस्टले प्रेसको घाँटी निमोठ्ने चेष्टा शीर्षकको सम्पादकीयमा लेखेको छ- बाह्य संसार र अझ विशेषगरी लोकतान्त्रिक मुलुकमा प्रेस काउन्सिल हुन् या मिडिया काउन्सिल, तिनको संरचना कस्तो हुन्छ ? त्यस्ता निकायमा सरकार र राजनीतिक दलको के भूमिका हुन्छ ? विधेयकले कानुनी रूप पाउनुपूर्व गहिरो अध्ययन गर्न जरूरी छ । हामीकहाँ त प्रेस काउन्सिल नै सत्तारूढ दलको खेलौनामा रूपान्तरण भएका दृश्य छताछुल्ल छन् । यसमा दल, व्यक्तिविशेष या समयविशेष टिप्पणी गर्नुको अर्थ छैन । हालकै प्रेस काउन्सिललाई दलीय चरित्र र सत्ताको खेलौना बन्ने क्रमबाट जोगाउनुपर्ने अवस्थामा शक्तिशाली मिडिया काउन्सिललाई शासकले दुरूपयोग गर्नेछ । प्रस्तावित मिडिया काउन्सिल विधेयक जनप्रतिनिधि निर्मित संविधान विरोधी छ ।[३]

यस्तै, मिडियासम्बन्धी विज्ञले पनि सो विधेयकका प्रावधानप्रति असहमति जनाएका छन् । प्राध्यापक पि खरेलले विधेयक पत्रकारिता क्षेत्र कमजोर बनाउने उद्देश्यले आएको बताए । उनले पत्रकारिताले मुलुकका हरेक गतिविधिलाई विशेष महत्वसाथ निगरानी गरेर जनतालाई सुसूचित गराउने भएकाले वाच डगका रूपमा हेरिने गरेको बताउँदै भने- त्यही वाच डगको निगरानी गर्ने निकाय प्रेस काउन्सिल राजनीतिक हिसाबले नियुक्ति हुने गरेकामा त्यस्तो कानुन आउँदा विरोध नजनाउनु गम्भीर विषय हो ।[४]

प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्ष राजेन्द्र दाहालले नेपाल कम्युनिस्ट पार्टीको नाम नलिइकन 'उनीहरूको दर्शन र विचार नै प्रेसलाई नियन्त्रणमुखी गर्ने भएको' बताउँदै सोहीअनुसार प्रेस काउन्सिल विधेयक आएको धारणा राखे । दाहालले भने- त्यो दर्शनलाई जनताको जनादेशले बल पुऱ्याएको छ । संसद्मा दलहरूको सङ्ख्या हेर्दा सरकारले हालै ल्याएका विधेयकहरू बलजफ्ती हिसाबले पारित हुनसक्ने अवस्था छ । तर विधेयक पारित भए पनि सङ्घर्षचाहिँ कायमै रहन्छ र अन्तिममा जीत स्वतन्त्र प्रेसकै हुन्छ ।[५]

---

[२] नागरिक दैनिक, २०७६ । मिडियामा अङ्कुश । Retrived May 15, 2019, from https://nagariknews.nagariknetwork.com/news/76662/

[३] अन्नपूर्ण पोस्ट दैनिक, २०७६ । प्रेसको घाँटी निमोठ्ने चेष्टा । Retrived May 15, 2019, from http://annapurnapost.com/news/127159

[४] प्रेसमाथि अङ्कुश लगाउँदै सरकार : पत्रकारहरूलाई १० लाखसम्म जरिवाना ! Retrived May 15, 2019, from http://rajdhanidaily.com/167543/

[५] नागरिक दैनिक, २०७६ । नियन्त्रणमुखी मिडिया विधेयक फिर्ता लिन सुझाव । Retrived May 23, 2019, from http://epaper.nagariknetwork.com/nagarik/src/epaper.php?id=3851#page/8

नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले संविधान जारी भएपछि विज्ञहरूले तयार गरेको सञ्चार नीतिको मर्मविपरित विधेयक ल्याएको भन्दै आपत्ति जनाए । उनले भने- 'काउन्सिललाई अहिले मन्त्रालयको शाखा जस्तो बनाउने प्रयास भएको छ । कार्यपालिका, न्यायपालिका आफैँ जस्तो हुने जुनखालको विधेयक छ, यो खारेज हुनुपर्छ ।'[६] प्रधान मन्त्रीका प्रेस सल्लाहकार डा. कुन्दन अर्यालले मिडियालाई उत्तरदायी बनाउन संयन्त्र आवश्यक रहेको बताउँदै भने- बहसबाट आएका सुझाव समेटेर मिडिया काउन्सिलसम्बन्धी विधेयक परिमार्जन गर्न सकिन्छ ।[७]

## अन्तर्राष्ट्रिय अनुभव

प्रेस काउन्सिल वा मिडिया काउन्सिल प्रेस सामग्रीको अनुगमन गर्ने, प्रेस स्वतन्त्रताको संरक्षण (preserve) गर्दै पत्रकारिता क्षेत्रको स्वतन्त्रता (independence) कायम राख्ने र विकास गर्ने, अनुसन्धान गर्ने, बहस सञ्चालन गर्ने, पत्रकारिता क्षेत्रका लागि आचारसंहिता जारी गर्ने निकायका रूपमा गठन गर्ने गरेको पाइन्छ । तर जरिवाना र क्षतिपूर्ति गर्ने निकायका रूपमा प्रेस काउन्सिल कुनै पनि लोकतान्त्रिक मुलुकमा रहेको देखिँदैन । यसको गठन प्रक्रिया देशअनुसार फरक छ । 'धेरैजसो देशमा यसलाई ऐनद्वारा व्यवस्थित गरिएको पाइन्छ । छानबिन गर्न र काम कारबाहीमा निष्पक्षताको सुनिश्चिता कायम गर्न सञ्चार क्षेत्रसँग प्रत्यक्षरूपमा संलग्न नभएको बरू न्याय क्षेत्रका व्यक्तिलाई काउन्सिलको अध्यक्ष बनाउने चलन धेरै देखिन्छ । कतिपय मुलुकमा त प्रेस काउन्सिललाई सरकारी पक्षमा निर्णय गर्न बाध्य पनि पारिन्छ ।'[८]

त्यसैले यस्ता निकाय खडा गर्नुपर्छ वा पर्दैन भन्ने सन्दर्भमा विभिन्न कोणबाट बहस भएको पनि पाइन्छ । संयुक्त राज्य अमेरिकामा राज्यद्वारा जारी कानुनभन्दा सामूहिकरूपमा जारी रहेको स्वनियम प्रभावकारी पाइन्छ । अमेरिकामा यस्ता निकायको स्थापनालाई प्रेस स्वतन्त्रतामाथि अङ्कुश लगाउने नजरबाट हेर्ने गरिन्छ । तर त्यहाँ मिनिसोटा र वासिङ्टन राज्यमा प्रेस काउन्सिल स्थापना गरिए पनि पछिल्लो समयमा बन्द भइसकेको अवस्था छ ।[९]

---

[६] कान्तिपुर, २०७६ । काउन्सिल विधेयक प्रेस र अभिव्यक्ति स्वतन्त्रतामाथिको नियन्त्रण । Retrived May 23, 2019, from https://www.kantipurdaily.com/news/2019/05/21/155844911056386210.html

[७] नागरिक दैनिक, २०७६ । नियन्त्रणमुखी मिडिया विधेयक फिर्ता लिन सुझाव । Retrived May 23, 2019, from http://epaper.nagariknetwork.com/nagarik/src/epaper.php?id=3851#page/8

[८] ढुङ्गेल, विनोद । २०६९ । नेपालमा प्रेस काउन्सिल अनुसन्धानात्मक समकालीन इतिहास । प्रेस काउन्सिल नेपाल ।

[९] Silverman, C. 2014. Last Press Council in U.S. will close next month. Retrived May 23, 2019, from https://www.poynter.org/reporting-editing/2014/last-press-council-in-u-s-will-close-next-month/

यस्तै, युरोपमा विश्वकै पुरानो प्रेस काउन्सिल स्विडेनमा स्थापना भएको हो । सन् १९१६ मा स्वनियमकारी निकायका रूपमा चारवटा प्रेससँग सम्बन्धित संस्थाको लगानीमा यस्तो संस्था स्थापना भएको हो । पछि १९६९ देखि प्रेस अम्बुडसम्यान (Press Ombudsman) को व्यवस्था गर्दै प्रेसबारे आउने गुनासा हेर्ने र कारबाही सञ्चालन गर्ने एवं प्रेस काउन्सिललाई सिफारिस गर्ने चलन छ । त्यतिमात्र होइन, काउन्सिलले गरेको निर्णय सोही पत्रिकामा प्रकाशित गर्नुपर्ने प्रावधानसँगै प्रशासनिक खर्च तिर्नुपर्ने व्यवस्था छ ।

भारतमा सन् १९७८ मा प्रेस काउन्सिल ऐन आएपछि काउन्सिल गठन भएको हो । कानुनले मूलतः पत्रपत्रिका र समाचार समिति यसको क्षेत्रभित्र राखेको पाइन्छ । यसलाई अर्धन्यायिक निकायका रूपमा लिइएको छ । भारतको प्रेस काउन्सिल ऐनको दफा १४ मा काउन्सिलमा आएको पत्रकार आचारसंहिताविपरितको उजुरी लिने र त्यसलाई उपयुक्त ठानेमा सम्बन्धित पत्रिकामा खण्डन छाप्न लगाउने व्यवस्था छ । र, काउन्सिलले लिने यस किसिमको निर्णय अन्तिम हुने र यसलाई लिएर कुनै अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्थासमेत छ ।[१०]

## प्रस्तावित मिडिया काउन्सिल विधेयक र प्रेस काउन्सिल ऐन २०४८

नेपालमा प्रेस काउन्सिल २०२७ सालमा स्थापना भएपनि अहिले प्रेस काउन्सिल ऐन २०४८ अनुसार चलिरहेको छ । नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक त्यही ०४८ सालको प्रेस काउन्सिल ऐनलाई प्रतिस्थापन गर्ने गरी ल्याइएको हो । यो विधेयकले सबै सूचना तथा सन्देश सम्प्रेषण गर्ने आमसञ्चार माध्यम, छापा, विद्युतीय तथा अनलाइन पत्रकारिता माध्यम र त्यसका सञ्चालकहरूलाई समेट्न खोजेको देखिन्छ । यद्यपि २०४८ सालमा प्रेस काउन्सिलसम्बन्धी कानुन बन्दा छापा माध्यममात्रै थियो । अरू माध्यमको हकमा सरकारी रेडियो र सरकारी टेलिभिजनबाहेक निजी क्षेत्रबाट कुनै पनि रेडियो, टेलिभिजन, अनलाइन माध्यम खुलेका थिएनन् । यो अवस्थामा काउन्सिलले जारी गरेको आचारसंहितालाई समयसापेक्ष संशोधन गर्दै सबै किसिमका मिडिया वा माध्यमलाई सम्बोधन गर्ने प्रयास गरिँदै आएको देखिन्छ । त्यतिमात्र होइन, विद्यमान ऐन/कानुनमा नै सबै मिडियालाई सम्बोधन गर्नेगरी विगत दश वर्षदेखि काउन्सिलले निरन्तररूपमा कानुन संशोधनका लागि प्रस्ताव गर्दै आएको पनि हो । तर अहिले सरकारले प्रेस काउन्सिलको सट्टा मिडिया काउन्सिलसम्बन्धी विधेयक ल्याएको छ । जबकि प्रेस काउन्सिलदेखि, सरोकारवाला अन्य निकाय नेपाल पत्रकार महासङ्घ, सञ्चारमाध्यमहरू र यससँग सम्बन्धित मञ्चहरूमा उठ्दै नउठेको मिडिया काउन्सिल भन्ने विषयलाई सरकारले जबर्जस्त प्रवेश गराएको देखिन्छ । त्यसो त राष्ट्रिय आमसञ्चार नीति २०७३ को बुँदा नम्बर २.१९ मा समेत मिडिया काउन्सिल नभनेर प्रेस काउन्सिलकै परिकल्पना गरिएको छ । यस हिसावले

[१०] Ed. Iyer. V. 2000. Mass Media Laws and Regulations in India. Edition 2nd. AMIC.

हेर्ने हो भने सरोकारवालालाई मिडिया काउन्सिल नभएर प्रेस काउन्सिल चाहिएको छ भने सरकारलाई चाहिँ एकाएक मिडिया काउन्सिल चाहिएको देखिन्छ ।

प्रस्तावित विधेयकले नयाँ परिवेशमा सबै आमसञ्चारका माध्यमलाई समेट्दै मिडिया काउन्सिल बनाउन खोजिएको देखिन्छ । दायरा फराकिलो गरेसँगै मिडिया काउसिन्लको स्थापना 'स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि स्वतन्त्र नियमनकारी भूमिका निर्वाह गर्ने' कार्यमा परिणत भएको छ । तर यसअघिको प्रेस काउन्सिल ऐनमा भने 'स्वस्थ पत्रकारिताको विकासको लागि' प्रेस काउन्सिल स्थापना गरेको कुरा उल्लेख छ । यसका साथै पत्रकारिता र आमसञ्चार क्षेत्रमा मौलाएको अमर्यादित गतिविधिलाई नियमन गर्न यो विधेयक ल्याएको सरकारी पक्षले बताउँदै आएको छ । विश्वमा प्रेस वा मिडिया काउन्सिलको स्थापना जनमानसप्रति 'उत्तरदायी' पत्रकारिता गर्ने हेतुले प्रेरित भएको देखिन्छ ।

यसअघि ऐनको दफा ७ (घ) मा 'पत्रकारिताको वितरण स्थितिको अद्यावधि अभिलेख राख्ने' कार्य पनि प्रेस काउन्सिललाई तोकिएको थियो । प्रस्तावित विधेयकमा यो प्रावधान हटाइएको छ जुन प्रेस काउन्सिल आफैँले यसअघि गर्दै आएको प्रस्ताव हो । प्रेस काउन्सिल ऐनको दफा १० मा पत्रपत्रिका वितरण संपरीक्षण समिति गठन गरी पत्रपत्रिकाको वर्गीकरण गर्ने व्यवस्था भए पनि प्रस्तावित विधेयकमा यो प्रावधान हटाइएको छ । प्रस्तावित विधेयकको दफा ५ (ज) मा 'आमसञ्चार माध्यमबाट प्रसारित तथा प्रकाशित आचारसंहिता विपरितका सामग्रीको सम्बन्धमा छानबिन र कारबाही गर्ने' भन्ने कुरा राखिएको छ । तर यसअघि कार्यान्वयनमा रहेको प्रेस काउन्सिल ऐनको दफा ७ (ङ) मा 'पत्रपत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर कसैले काउन्सिलमा उजुरी दिएमा सो सम्बन्धमा आवश्यक कारबाही गर्ने' भन्ने उल्लेख छ ।

मिडिया काउन्सिल विधेयक पारित भएमा जोकसैको उजुरीबेगर प्रेस काउन्सिललाई लागेको अवस्थामा मिडियामा प्रकाशित एवं प्रसारित समाचारका विषयमा आचारसंहिता उल्लङ्घन भएको निष्कर्ष निकाल्दै कारबाही गर्न सक्ने सम्भावना रहेको तर्क पनि सरोकारवालाको छ । तर सार्वजनिक मर्यादा, विशेषगरी महिला र बालबालिकाको हकमा प्रेस काउन्सिलले बिनाउजुरी आफैँ अनुसन्धान गरी कारबाही अघि बढाएको अभ्यास यसअघि पनि छ । यस्तै प्रस्तावित विधेयकको दफा ६.१ मा काउन्सिलले आचारसंहिता बनाइ जारी गर्ने भन्ने उल्लेख छ । त्यस्तै उपदफा ६.२ मा प्रत्येक आमसञ्चारमाध्यमले आआफ्ना लागि आचारसंहिता बनाइ लागु गर्नुपर्नेछ भन्ने प्रावधान पनि प्रस्तावित विधेयकमा उल्लेख छ जुन नेपालको सन्दर्भमा नयाँ व्यवस्था हो । त्यसो त प्रेस काउन्सिलले पनि विगतदेखि प्रत्येक आमसञ्चारमाध्यमले आ-आफ्ना लागि आचारसंहिता बनाउन सुझाव दिँदै आएको थियो ।

## गठन प्रक्रिया

मिडिया काउन्सिलको गठन प्रक्रियामा यसअघिको ऐनले १३ जना सदस्य हुने व्यवस्था गरेको थियो भने अहिले प्रस्तावित विधेयकले ९ जनामा सीमित गरिदिएको छ । यसअघि

काउन्सिलको कार्यबाहक अध्यक्ष तोकिने व्यवस्था थिएन भने प्रस्तावित विधेयकले यस्तो अधिकार सरकारलाई दिएको छ ।

प्रेस काउन्सिल ऐन, २०४८ मा पत्रकारितामा वा कानुनी क्षेत्रमा विशेष योगदान पुर्‍याएका व्यक्तिमध्येबाट  सरकारले तोकेको व्यक्ति अध्यक्ष हुने व्यवस्थालाई २०५७ साल माघमा संशोधन गर्दै सर्वोच्च अदालतको अवकाश प्राप्त न्यायाधीश वा वरिष्ठ अधिवक्ता वा पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिमध्येबाट सरकारले मनोनीत गर्ने व्यक्ति अध्यक्ष हुने व्यवस्था राखिएको हो । तर अहिले आएर प्रस्तावित विधेयकमा कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी पत्रकारिता क्षेत्रमा कम्तीमा १० वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष हुने व्यवस्था छ । यता सदस्यको हकमा भने १५ वर्षको अनुभव भएको हुनुपर्ने प्रावधान छ । यसरी अध्यक्षका लागि भन्दा सदस्यका लागि बढी अनुभव हुनुपर्ने प्रावधान आफैँमा विरोधाभाषपूर्ण छ ।

अहिले कार्यान्वयनमा रहेको प्रेस काउन्सिल ऐनमा अध्यक्ष छनोटका लागि समिति गठन गर्ने प्रावधान नभए पनि प्रस्तावित विधेयकमा भने यस किसिमको व्यवस्था छ । तर यसरी गठित ३ सदस्यीय समितिका सबै सदस्य मन्त्रालयले तोकेका व्यक्ति रहने व्यवस्था छ ।

दफा २१ को उपदफा ३ मा काउन्सिलले विदेशी सरकार, व्यक्ति वा सङ्घ/संस्थाबाट कुनै पनि प्रकारको सहयोग लिन नपाउने व्यवस्था गरेको छ । विद्यमान कानुनमा काउन्सिलको कोषमा 'विदेशी सरकार वा संघसंस्थाबाट प्राप्त आर्थिक अनुदान वा सहायता रकम' लिने व्यवस्था छ ।

## मूलभूत समस्या

- सरकारी नियुक्ति हुँदा र सरकारलाई बर्खास्तीको तजबिजी अधिकार दिँदा सरकारी निकाय जस्तो हुने खतरा देखिएको छ । यसले गर्दा स्वतन्त्र निर्णय गर्न नसक्ने सम्भावना रहन्छ । त्यसमाथि सदस्यको योग्यताका विषयमा पनि समस्या देखिएको छ ।
- काउन्सिल जस्तो संस्थालाई जरिवाना र क्षतिपूर्तिको व्यवस्था दिइएको छ जुन आपत्तिजनक विषय हो । आचारसंहिता आफैँ निर्माण गर्ने अनि त्यसको व्याख्या गर्ने र त्यसअन्तर्गत छानबिन र कारबाहीको अधिकार एकै निकायमा राख्नु प्राकृतिक न्यायको सिद्धान्त विपरित हुन्छ ।
- आचारसंहिता उल्लङ्घनमा कारबाहीस्वरूप जरिवाना र क्षतिपूर्तिको व्यवस्था राखिएको छ जुन गलत छ । बरू अदालत जान बाटो खोलिदिनुपर्ने हो । क्षतिपूर्ति र जरिवानाको अवस्था भनेको मर्यादा र प्रतिष्ठामा आँच पुर्‍याउने कार्य भएको अवस्थामा मानहानि (डिफामेसन वा लाइवेल, स्ल्यान्डर) कानुनअन्तर्गत कारबाही हुने व्यवस्था गर्नुपर्छ ।
- काउन्सिलको काम, कर्तव्य र अधिकारअन्तर्गत काउन्सिलले जारी गरेको आचारसंहिता पालना भए/नभएको विषयमा अनुगमन गर्ने तथा आचारसंहिता उल्लङ्घनको विषयमा

उजुरी लिने, उजुरीउपर आवश्यक छानबिन गरी कारबाही गर्ने साथै आमसञ्चारमाध्यमबाट प्रसारित तथा प्रकाशित आचारसंहिता विपरितका सामग्री सम्बन्धमा छानबिन र कारबाही गर्ने जस्ता जुन अधिकार दिइएको छ, त्यो व्यवस्था गलत छ ।

- आमसञ्चारमाध्यम, विद्युतीय प्रसारण तथा अनलाइन पत्रकारिता, छापा पत्रकारिता र साहित्यिक पत्रकारिता, त्यसको प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताले यस ऐनबमोजिमको आचारसंहिता पालना गरे/नगरेको सम्बन्धमा काउन्सिलले आवश्यक अनुगमन गरी आचारसंहिता पालनाका लागि आवश्यक निर्देशन दिन सक्ने प्रावधान राख्दै आचारसंहितालाई बाध्यकारी बनाउने व्यवस्था गलत छ ।
- कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी पत्रकारिता क्षेत्रमा कम्तीमा १० वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्तिलाई अध्यक्ष बनाउने मात्रै होइन, सदस्यभन्दा अध्यक्षको अनुभव कम रहने गरी राखिएको प्रावधान विरोधाभाषपूर्ण छ ।
- आमसञ्चार क्षेत्रका विभिन्न विधा, व्यवस्थापन, कानुन, सूचना प्रविधि वा सामाजिक क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव हासिल गरेका कम्तीमा २ जना महिलासहित मन्त्रालयले मनोनयन गरेको ६ जना सदस्य हुने व्यवस्था छ । सबै सदस्य मन्त्रालयले मनोनयन गरेको अवस्थामा काउन्सिल स्वायत्त हुन सक्दैन । त्यसमाथि विधेयकमा उल्लिखित प्रावधान समावेशी किसिमको पनि छैन ।
- अध्यक्ष पद नियुक्तिका लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा एक सिफारिस समिति गठन गरिने जसमा कानुन, सूचना प्रविधि वा सामाजिक क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति सदस्य, वरिष्ठ पत्रकारमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति सदस्य हुने व्यवस्था छ । यसरी गठन गरिने समितिमा सबै सदस्य मन्त्रालयले तोकेको हुने प्रावधान गलत छ ।
- अध्यक्ष तथा सदस्यको पदावधि सम्बन्धमा नेपाल सरकारले अध्यक्ष वा सदस्यलाई निजको पदावधि सकिनुअगावै पदबाट हटाउन सक्ने जुन व्यवस्था छ त्यो गलत छ । त्यसमाथि यसमा हटाउने प्रक्रियासमेत उल्लेख छैन भने काम सन्तोषजनक नभएमा पनि हटाउने प्रावधानमा व्याख्याको क्षेत्र असीमित भएकाले सरकारले चाहेको बखत हटाउन सक्ने देखिन्छ । त्यसैले यो प्रावधान पनि गलत छ ।
- काउन्सिलको विस्तृत जाँचबुझबाट आचारसंहिता उल्लङ्घन गरेको देखिएमा आचारसंहिता उल्लङ्घन गर्ने सम्पादक, पत्रकार वा संवाददाताको प्रेस पास निश्चित अवधिका लागि निलम्बन गर्ने व्यवस्था पनि गलत छ ।
- कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा संवादादातालाई २५ हजार रूपियाँदेखि १० लाख रूपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ । त्यस्तै काउन्सिलबाट जारी

आचारसंहिता विपरित कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई क्षति पुगेको भएमा काउन्सिलले त्यस्तो क्षति पुगेको व्यक्ति वा संस्थालाई मनासिव क्षतिपूर्ति भराइदिन सक्नेछ भन्ने प्रावधान छ । जरिवाना वा क्षतिपूर्ति सजाय काउन्सिल जस्तो निकायले तोक्न हुँदैन बरू अदालत जाने बाटो छाडिदिनुपर्छ ।

## सुधार गर्नुपर्ने प्रावधान

दफा ५ मा काउन्सिलको काम, कर्तव्य र अधिकारअन्तर्गत काउन्सिलले जारी गरेको आचारसंहिता पालना भए/नभएको विषयमा अनुगमन गर्ने तथा आचारसंहिता उल्लङ्घनको विषयमा उजुरी लिने, उजुरीउपर आवश्यक छानबिन गरी कारबाही गर्ने साथै आमसञ्चारमाध्यमबाट प्रसारित तथा प्रकाशित आचारसंहिता विपरितका सामग्री सम्बन्धमा छानबिन र कारबाही गर्ने जुन अधिकार दिइएको छ, त्यसलाई संशोधन गर्न आवश्यक छ । प्रेस काउन्सिललाई कारबाही गर्ने निकायका रूपमा अघि बढाउन हुँदैन ।

दफा ६ मा आचारसंहिता बनाइ जारी गर्ने शीर्षकअन्तर्गत उपदफा ३ मा काउन्सिलले जारी गरेको आचारसंहिता पालना गर्नु प्रत्येक आमसञ्चारमाध्यम, विद्युतीय प्रसारण तथा अनलाइन पत्रकारिता, छापा पत्रकारिता र साहित्यिक पत्रकारिता, त्यसको प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताको कर्तव्य हुनेछ भनी उल्लेख छ । त्यस्तै उपदफा ४ मा आमसञ्चारमाध्यम, विद्युतीय प्रसारण तथा अनलाइन पत्रकारिता, छापा पत्रकारिता र साहित्यिक पत्रकारिता, त्यसको प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताले यस ऐनबमोजिमको आचारसंहिता पालना गरे/नगरेको सम्बन्धमा काउन्सिलले आवश्यक अनुगमन गर्नेछ र त्यसरी अनुगमन गर्दा आचारसंहिता पालनाका लागि आवश्यक निर्देशन दिन सक्नेछ भनी उल्लेख छ । यसरी विधेयकमा काउन्सिलको आचारसंहितालाई बाध्यकारी बनाउने जुन प्रावधान छ, त्यसलाई संशोधन गर्न आवश्यक छ । मूलतः यो विषय पत्रकार र आमसञ्चारमाध्यमको स्वविवेकमा छाडिदिनुपर्छ ।

दफा ७ को क मा कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी पत्रकारिता क्षेत्रमा कम्तीमा १० वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्तिलाई अध्यक्ष बनाउने प्रावधान राखिएको छ । सदस्यहरूको योग्यता तोकिसकेको अवस्थामा शैक्षिक योग्यता छुट्टै तोक्न आवश्यक छैन । त्यसमाथि सदस्यभन्दा अध्यक्षको अनुभव कम रहने गरी राखिएको यो प्रावधान विरोधाभाषपूर्ण छ । यो अवस्थामा अध्यक्ष र सदस्यको योग्यता कि समान राख्नुपर्छ कि अध्यक्षको हकमा सदस्यको भन्दा बढी राख्नुपर्छ । दफा ७ को घ मा आमसञ्चार क्षेत्रका विभिन्न विधा, व्यवस्थापन, कानुन, सूचना प्रविधि वा सामाजिक क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव हासिल गरेका कम्तीमा २ जना महिलासहित मन्त्रालयले मनोनयन गरेको ६ जना सदस्य हुने व्यवस्था छ । सबै सदस्य मन्त्रालयले मनोनयन गरेको अवस्थामा काउन्सिल स्वायत्त हुन सक्दैन । त्यसमाथि विधेयकमा उल्लिखित प्रावधान समावेशी किसिमको पनि छैन ।

दफा ७ को (३) मा अध्यक्षको पदको नियुक्तिका लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा एक सिफारिस समिति गठन गरिने जसमा कानुन, सूचना प्रविधि वा सामाजिक क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति सदस्य, वरिष्ठ पत्रकारमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति सदस्य हुने व्यवस्था छ । यसरी गठन गरिने समितिमा सबै सदस्य मन्त्रालयले तोकेको हुने प्रावधान गलत छ । यसमा प्रतिनिधि सभाका सभामुख वा राष्ट्रिय सभाका अध्यक्ष वा संसद्को सञ्चार हेर्ने समितिका सभापतिको संयोजकत्वमा प्राज्ञिक क्षेत्रका व्यक्ति वा वरिष्ठ पत्रकारसहितको समिति गठन गर्न सकिन्छ ।

अध्यक्ष तथा सदस्यको पदावधि सम्बन्धमा दफा १० (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नेपाल सरकारले अध्यक्ष वा सदस्यलाई निजको पदावधि सकिनुअगावै पदबाट हटाउन सक्ने जुन व्यवस्था छ, त्यो गलत छ । त्यसमाथि यसमा हटाउने प्रक्रियासमेत उल्लेख गरिएको छैन । यस हिसाबले यो प्रावधान हटाउन आवश्यक छ । त्यस्तै काम सन्तोषजनक नभएमा पनि हटाउने उल्लेख छ । यसमा व्याख्याको क्षेत्र असीमित भएकाले सरकारले चाहेको बखत हटाउन सक्ने भएकाले यस्तो प्रावधान राख्नु गलत हुन्छ ।

दफा १७ को उपदफा (३) मा काउन्सिलको विस्तृत जाँचबुझबाट आचारसंहिता उल्लङ्घन गरेको देखिएमा आचारसंहिता उल्लङ्घन गर्ने सम्पादक, पत्रकार वा संवाददाताको प्रेस पास निश्चित अवधिका लागि निलम्बन गर्ने व्यवस्था छ । काउन्सिलले यसरी प्रेस पास निलम्बन गर्ने होइन, निलम्बनका लागि सिफारिस गर्नेमात्र हो ।

त्यस्तै दफा १८ को उपदफा १ मा काउन्सिबाट जारी भएको आचारसंहिता विपरित कुनै सामग्री प्रकाशन वा प्रसारण गरेका कारण मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको भनी सम्बन्धित व्यक्तिले दफा १६ बमोजिम दिएको उजुरीउपर दफा १७ बमोजिम जाँचबुझ गर्दा कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित आमसञ्चारमाध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा संवादादातालाई २५ हजार रूपियाँदेखि १० लाख रूपियाँसम्म जरिवाना गर्न सक्नेछ भनी व्यवस्था गरेको छ । यो प्रावधान पनि सच्याउन जरूरी छ । त्यस्तै उपदफा २ मा काउन्सिलबाट जारी आचारसंहिता विपरित कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई क्षति पुगेको भएमा काउन्सिलले त्यस्तो क्षति पुगेको व्यक्ति वा संस्थालाई मनासिव क्षतिपूर्ति भराइदिन सक्नेछ भन्ने प्रावधान छ । जरिवाना वा क्षतिपूर्ति सजाय काउन्सिल जस्तो निकायले तोक्न हुँदैन बरू अदालत जाने बाटो छाडिदिनुपर्छ ।

दफा २० मा पुनरावेदन दिन सक्ने प्रावधानअन्तर्गत दफा १७ वा १८ बमोजिम काउन्सिलले कारबाही गर्नेगरी गरेको निर्णय वा आदेशमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले निर्णय वा आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था छ ।

दफा २६ को उपदफा २ मा अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार कुनै अधिकार काउन्सिलका कुनै सदस्य वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ भनी उल्लेख गरिएको छ । यसरी अधिकार प्रत्यायोजन गर्दा कर्मचारीलाई दिन उपयुक्त हुँदैन ।

| परिच्छेद | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ३ (१) | स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि स्वतन्त्र नियमनकारी भूमिका निर्वाह गर्न नेपाल मिडिया काउन्सिलको स्थापना गरिएको छ । | स्वस्थ र उत्तरदायी पत्रकारिताको विकासका लागि स्वतन्त्र भूमिका निर्वाह गर्न नेपाल मिडिया काउन्सिल स्थापना गरिएको छ । | काउन्सिलको काम पत्रकारितालाई मर्यादित बनाउने होइन, उत्तरदायी बनाउने हो । त्यस्तै यो नियमनकारी निकाय पनि होइन । |
| दफा ५ (घ) | आचारसंहिता उल्लङ्घनको विषयमा परेका उजुरीउपर आवश्यक छानबिन गरी कारबाही गर्ने । | आचारसंहिता उल्लङ्घनको विषयमा परेका उजुरीउपर आवश्यक छानबिन गरी कारबाहीका लागि सिफारिस गर्ने । | प्रेस काउन्सिलको काम कारबाही गर्ने होइन, कारबाहीका लागि सिफारिस गर्ने । |
| दफा ६ (१) | काउन्सिलले पत्रकारिताको पेशागत मर्यादा कायम राख्न आवश्यक आचारसंहिता बनाइ जारी गर्नेछ । | काउन्सिलले पत्रकारिताको पेशागत मर्यादा कायम राख्न सरोकारवाला पक्षहरूसँग छलफल र सहमतिका आधारमा आवश्यक आचारसंहिता बनाइ जारी गर्नेछ । | |
| दफा ६ (४) | आमसञ्चारमाध्यम, विद्युतीय प्रसारण तथा अनलाइन पत्रकारिता र साहित्यिक पत्रकारिता, त्यसको प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताले यस ऐनबमोजिमको आचारसंहिताको पालना गरे नगरेको सम्बन्धमा काउन्सिलले आवश्यक अनुगमन गर्नेछ र त्यसरी अनुगमन गर्दा आचारसंहिताको पालनाको लागि आवश्यक निर्देशन दिन सक्नेछ । | आमसञ्चारमाध्यम, विद्युतीय प्रसारण तथा अनलाइन पत्रकारिता र साहित्यिक पत्रकारिता, त्यसको प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताले यस ऐनबमोजिमको आचारसंहिता पालना गरे/नगरेको सम्बन्धमा काउन्सिलले आवश्यक अनुगमन गर्नेछ र त्यसरी अनुगमन गर्दा आचारसंहिताका पालनाका लागि ध्यानाकर्षण गराउनेछ । | काउन्सिल आफैँमा निर्देशन दिनेभन्दा पनि ध्यानाकर्षण गराउने निकाय भएकाले । |

| परिच्छेद | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ६ (५) | उपदफा ४ बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित आमसञ्चारमाध्यम, विद्युतीय प्रसारण तथा अनलाइन पत्रकारिता, छापा पत्रकारिता र साहित्यिक पत्रकारिता, त्यसको प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताको कर्तव्य हुनेछ । | उपदफा ४ बमोजिमको ध्यानाकर्षण पालना गर्नु सम्बन्धित आमसञ्चारमाध्यम, विद्युतीय प्रसारण तथा अनलाइन पत्रकारिता, छापा पत्रकारिता र साहित्यिक पत्रकारिता, त्यसका प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताको कर्तव्य हुनेछ । | |
| दफा ७ (१) | काउन्सिलको गठन देहायबमोजिम हुनेछ :<br>(क) कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी पत्रकारिता क्षेत्रमा कम्तीमा दश वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – अध्यक्ष<br>(ख) मन्त्रालयले तोकेको मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत – सदस्य<br>(ग) अध्यक्ष, नेपाल पत्रकार महासङ्घ – सदस्य<br><br>(घ) आमसञ्चार क्षेत्रका विभिन्न विधा, व्यवस्थापन, कानुन, सूचना प्रविधि वा सामाजिक क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका कम्तीमा दुईजना महिलासहित मन्त्रालयले मनोनयन गरेको ६ जना – सदस्य | काउन्सिलको गठन देहायबमोजिम हुनेछ :<br>(क) सर्वोच्च अदालतको अवकाश प्राप्त न्यायाधीश वा वरिष्ठ अधिवक्ता वा कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी पत्रकारिता क्षेत्रमा कम्तीमा २० वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति– अध्यक्ष<br>(ख) प्रत्येक प्रदेशका मिडिया काउन्सिलका अध्यक्ष वा अध्यक्षले सदस्यमध्येबाट तोकेको १/१ जना गरी ७ जना सदस्य<br>(ग) अध्यक्ष, नेपाल पत्रकार महासङ्घ– सदस्य<br>(घ) श्रमजीवी पत्रकार, सम्पादकमध्येबाट छापा, रेडियो, टेलिभिजन र अनलाइन क्षेत्रलाई प्रतिनिधित्व गर्दै कम्तीमा २ महिलासहित सरकारले मनोनयन गरेका ४ जना सदस्य<br>(ङ) प्रकाशकमध्येबाट सरकारले मनोनयन गरेका २ जना सदस्य<br>(च) प्रतिनिधि सभाका सभामुखले तोकेको कम्तीमा १ महिलासहित २ सांसद सदस्य<br>(छ) राष्ट्रिय सभाका अध्यक्षले तोकेको १ सांसद सदस्य । | सदस्यहरूको योग्यतामा १५ वर्षको अनुभव तोकिसकेको अवस्थामाकम्तीमा अध्यक्षको पनि त्यस बराबर वा त्यसभन्दा बढी हुन आवश्यक भएकाले ।<br><br>मन्त्रालयले मनोनयन गरेको अवस्थामा स्वायत्त हुन नसक्ने भएकाले । |

| परिच्छेद | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ७ उपदफा ३ | अध्यक्षको पदमा नियुक्तिको लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न देहायबमोजिमको एक सिफारिस समिति रहनेछ :<br>(क) मन्त्रालयको सचिव– संयोजक<br>(ख) कानुन, सूचना प्रविधि वा सामाजिक क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति – सदस्य<br>(ग) वरिष्ठ पत्रकारमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति – सदस्य | राष्ट्रिय सभा अध्यक्ष वा प्रतिनिधि सभा सभामुख वा सञ्चार मन्त्रीको संयोजकत्वमा सिफारिस समिति गठन गरिनेछ । | मन्त्रालयको सचिव र अन्य २ सदस्य पनि मन्त्रालयले तोक्दा यसको स्वायत्ततामा प्रश्न उठ्ने भएकाले । |
| दफा ८ ख | अध्यक्षको हकमा दफा ७ को उपदफा (१) को खण्ड (क) बमोजिमको योग्यता भएको र दफा ७ को उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनयन हुने सदस्यको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको | हटाउने । | |
| दफा १० (२) | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नेपाल सरकारले अध्यक्ष वा सदस्यलाई निजको पदावधि सकिनुअगावै पदबाट हटाउन सक्नेछ :<br>(क) कार्यक्षमताको अभाव भएमा<br>(ख) काम सन्तोषजनक नभएमा<br>(ग) खराब आचरण भएमा<br>(घ) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेमा वा<br>(ङ) मानसिक सन्तुलन ठीक नभएमा | पूरै हटाउनुपर्ने । | व्याख्याको क्षेत्र असीमित भएकाले सरकारले चाहेको बखत हटाउन सक्ने भएकाले । |
| दफा ११ (ख) | निजमा दफा ९ बमोजिमको कुनै अयोग्यता सिर्जना भएमा | निजमा दफा ९ बमोजिमको कुनै अयोग्यता सिर्जना भएमा तथा मानसिक सन्तुलन ठीक नभएमा । | |
| दफा ११ (ग) | दफा १० बमोजिम निजको पदावधि पूरा भएमा वा निजलाई पदबाट हटाइएमा | दफा १० बमोजिम निजको पदावधि पूरा भएमा | वा निजलाई पदबाट हटाइएमा हटाउनुपर्ने । |

| परिच्छेद | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा १५ (१) | अध्यक्षको पद रिक्त रहेको अवस्थामा मन्त्रालयले काउन्सिलका सदस्यमध्येबाट कुनै सदस्यलाई कार्यबाहक अध्यक्ष तोक्न सक्नेछ । | अध्यक्षको पद रिक्त रहेको अवस्थामा काउन्सिलका सदस्यहरूले आफूमध्येबाट कुनै सदस्यलाई कार्यबाहक अध्यक्ष तोक्न सक्नेछ । | |
| दफा १६ (१) | कुनै आमसञ्चार माध्यम, त्यसको प्रकाशक, सम्पादक, पत्रकार वा संवाददाताले काउन्सिलले जारी गरेको आचारसंहिता उल्लङ्घन गरेको विषयमा जुनसुकै व्यक्तिले काउन्सिलमा उजुरी दिन सक्नेछ । | कुनै आमसञ्चारमाध्यम, त्यसको प्रकाशक, सम्पादक, पत्रकार वा संवाददाताले काउन्सिलले जारी गरेको आचारसंहिता उल्लङ्घन गरेको विषयमा सम्बन्धित व्यक्तिले काउन्सिलमा उजुरी दिन सक्नेछ । | |
| दफा १६ (३) | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आमसञ्चार माध्यम, त्यसको प्रकाशक, सम्पादक वा संवाददाताले काउन्सिलले जारी गरेको आचारसंहिता उल्लङ्घन गरेको सूचना वा जानकारी काउन्सिललाई कुनै स्रोतबाट प्राप्त भएमा काउन्सिलले यस ऐनबमोजिम कारबाही गर्न सक्नेछ । | हटाउने । | आचारसंहिताले सम्बोधन गर्ने भएकाले । |
| १७ (२) | दफा १६ बमोजिम परेका उजुरी वा काउन्सिललाई कुनै स्रोतबाट प्राप्त आचारसंहिता उल्लङ्घनको सुचना वा जानकारीउपर उपदफा (१) बमोजिम प्रारम्भिक जाँचबुझ गर्दा आचारसंहिता उल्लङ्घन गरेको देखिने आधार विद्यमान भएमा काउन्सिलले विस्तृत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा काउन्सिलले सम्बन्धित आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा संवाददातालाई सोधपुछ गर्ने वा उजुरसँग सम्बन्धित प्रमाण बुझ्नेसमेतका काम गर्न सक्नेछ । | हटाउने । | आचारसंहिताले सम्बोधन गर्ने भएकाले । |

| परिच्छेद | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा १७ (३) ङ | सम्पादक, पत्रकार वा संवाददाताको प्रेस पास निश्चित अवधिका लागि निलम्बन गर्ने । | सम्पादक, पत्रकार वा संवाददाताको प्रेस पास निश्चित अवधिका लागि निलम्बन गर्न सिफारिस गर्ने । | |
| दफा १७ (३) छ | छापाका पत्रपत्रिका भए वर्गीकरणमा निश्चित अवधिको लागि समावेश नगर्ने वा तल्लो स्तरको वर्गीकरणमा घटाउने | छापाका पत्रपत्रिका भए वर्गीकरणमा निश्चित अवधिका लागि समावेश नगर्न वा तल्लो स्तरको वर्गीकरणमा घटाउन सिफारिस गर्ने । | |
| दफा १८ (१) | काउन्सिलबाट जारी भएको आचारसंहिता विपरित कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारण मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको भनी सम्बन्धित व्यक्तिले दफा १६ बमोजिम दिएको उजुरीउपर दफा १७ बमोजिम जाँचबुझ गर्दा कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित आमसञ्चारमाध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा संवादादातालाई पच्चीस हजार रूपियाँदेखि दश लाख रूपियाँसम्म जरिवाना गर्न सक्नेछ । | हटाउने । | आचारसंहिताले सम्बोधन गर्ने भएकाले । |
| उपदफा २ | काउन्सिलबाट जारी भएको आचारसंहिता विपरित कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई क्षति पुगेको भएमा काउन्सिलले त्यस्तो क्षति पुगेको व्यक्ति वा संस्थालाई मनासिव क्षतिपूर्ति भराइदिन सक्नेछ । | हटाउने । | आचारसंहिताले सम्बोधन गर्ने भएकाले । |
| दफा २६ (२) | अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार कुनै अधिकार काउन्सिलका कुनै सदस्य वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । | अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार कुनै अधिकार काउन्सिलका कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ । | |

| परिच्छेद | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा २९ (१) | नेपाल सरकारले देशको आमसञ्चार नीतिअनुकूल स्वस्थ, स्वतन्त्र, मर्यादित र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धन गर्दै पेशागत आचरण कायम राख्नका लागि काउन्सिललाई आवश्यक निर्देशन दिन सक्नेछ । | नेपाल सरकारले देशको आमसञ्चार नीतिअनुकूल स्वस्थ, स्वतन्त्र, मर्यादित र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धन गर्दै पेशागत आचरण कायम राख्नका लागि काउन्सिलको ध्यानाकर्षण गर्न सक्नेछ । | |
| दफा ३१ (१) | यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ । | यस ऐन कार्यान्वयन गर्न काउन्सिलको सिफारिसमा नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ । | |